# सुनवल नगरपालिकाको अटोभिलेज व्यवस्थापन बिधेयक, २०७७

**प्रस्तावना** :

सुनवल नगरपालिका क्षेत्रभित्र रहेका सबै प्रकारका अटोमोवाईल मर्मत केन्द्र र सो संग सम्बन्धित व्यवसायहरुलाई संचालन र व्यवस्थापन एवं नगरकै वातावरणीय स्वच्छता कायम गरी, भौतिक संरचनाको दीगो व्यस्थापन गर्न नगरको सौन्दरीकरणलाई टेवा पुऱ्याउदै यस क्षेत्रमा संलग्न व्यवसायिहरुको व्यवसायिक उत्थान तथा आम सेवाग्राहीहरुलाई सहज एवं सुलभ सेवा प्रदान गर्न बञ्छनिय देखिएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सुनवल नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **सुनवल नगरपालिकाको अटोभिलेज व्यवस्थापन ऐन, २०७७** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(१) नगरपालिका भन्नाले सुनवल नगरपालिका सम्झनु पर्छ ।

(२) सभा भन्नाले सुनवल नगरपालिकको नगर सभा सम्झनु पर्दछ ।

(३) कार्यपालिका भन्नाले सुनवल नगरपालिका, नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(४) कार्यालय भन्नाले सुनवल नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(५) व्यवसायी भन्नाले अटोमोवाईल मर्मत सम्बन्धी पेशामा संलग्न रहेका कानुन बमोजिम दर्ता भएका फर्म सम्झनु पर्दछ ।

(६) व्यवस्थापन समिति भन्नाले दफा ९ बमोजिमको गठित अटोभिलेज व्यवस्थापन समिति सम्झनु पर्दछ ।

## परिच्छेद २
## अटोभिलेज संचालन

**३. अटोभिलेज व्यवस्थापन :** (१) सुनवल नगरपालिकाले सुनवल नगरपालिका वडा नं. ४ मा स्थित नक्सा सिट नं. ४ङ कित्ता नं. १३२ को पुर्वमा वाटो र घोला, पश्चिममा तुरिया खोला, उत्तरमा वाटो र दक्षिणमा घोला यति चारकिल्लाभित्रको अन्दाजी १२(वाह्र) विगाहा जग्गामा अटोभिलेज स्थापना गर्नेछ ।

(२) उपदफा १ बमोजिम स्थापना गरिने अटोभिलेजको लागि आवश्यक न्यूनतम पूर्वाधार निर्माण नगरपालिकाले तोकिए वमोजिम गर्नेछ ।

(३) उपदफा (२) वमोजिम नगरपालिकाले निर्माण गरेको न्यूनतम पूर्वाधारका अतिरिक्त आवश्यक पर्ने अन्य पूर्वाधारहरु सम्बन्धित व्यवसायिलाई तोकिए वमोजिम निर्माण गर्न लगाउन सक्नेछ ।

**४. व्यवसाय स्थानान्तरण सम्बन्धमा :** (१) यो ऐन प्रारम्भ हुँदाका बखत नगर क्षेत्रको मुख्य राजमार्ग तथा नगर भित्रका सहायक मार्ग संगै जोडिएर रहेका सबैखाले अटोमोवाईल निर्माण तथा मर्मत केन्द्रहरु यो ऐन प्रारम्भ भएको मितिले ३ (तीन) महिना भित्र अटोभिलेज क्षेत्रमा स्थानान्तरण गरिसक्नु पर्नेछ ।

(२) उपदफा १ बमोजिम स्थानान्तरण नहुने व्यवसायहरु नगरपालिकाले तोकिए बमोजिम बन्द गराउन सक्नेछ ।

(३) दफा ३ बमोजिम अटोभिलेज स्थापना गरी संचालनमा आएपछि नगर क्षेत्रका मुख्य राजमार्ग र भित्रि सडक क्षेत्रमा सबैखाले अटोमोवाईल निर्माण तथा मर्मत केन्द्रहरु संचालन गर्न पाईने छैन ।

(४) यस ऐन वमोजिम अटो व्यवसाय संचालन गर्न नपाउने मुख्य राजमार्ग, भित्रि सडक र क्षेत्र तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद ३
## अटो व्यवसाय संचालन तथा व्यवस्थापन

**५. निजी जग्गामा अटो व्यवसाय संचालन** (१) यस ऐनले तोकेका वाहेका क्षेत्रमा अटो व्यवसाय संचालन गर्न नगरपालिकाले वमोजिको मापदण्ड वनाई अनुमति प्रदान गर्न सक्नेछ ।

(२) उपदफा १ को विपरित हुने गरी अटो व्यवसाय संचालन गर्न पाईने छैन ।

(३) उपदफा १ को बर्खिलाप हुनेगरी कसैले अटोव्यवसाय संचालन गरेमा नगरपालिकाले तोकिए वमोजिम कारवाही गर्न सक्नेछ ।

**६. व्यवसाय दर्ता तथा सुचिकरण :** (१) सुनवल नगर क्षेत्र भित्र संचालनमा रहेका र संचालन हुने सबै प्रकारका अटो व्यवसायलाई तोकिए बमोजिम नगरपालिकामा दर्ता एवं सुचिकृत गर्नुपर्ने छ ।

(२) उपदफा १ वमोजिम दर्ता तथा सुचिकृत हुन नगरपालिकाले तोकिए बमोजिम सार्बजनिक सुचना मार्फत आह्वान गर्नेछ ।

(३) यस दफा बमोजिम दर्ता एवं सुचिकृत नहुने अटोव्यवसायलाई नगरपालिकाले तोकिए वमोजिम कारवही गर्न सक्नेछ ।

## परिच्छेद ४
## स्टलहरुको व्यवस्थापन तथा शूल्क

७. **स्टलहरुको व्यवस्थापन :** (१) तोकिएको स्थान र क्षेत्रफलमा अनुमति प्राप्त अटोमोवाइल निर्माण तथा मर्मतको लागि स्टल राख्न तोकिए बमोजिम अनुमति प्रदान गरिनेछ ।

(२) अटोभिलेज क्षेत्रमा न्यूनतम पूर्वाधार सहित विभिन्न प्रकृतिका अटो व्यवसायका लागि आवश्यक क्षेत्रफल सहितका स्टलहरुको निर्माण तथा क्षेत्र निर्धारण गरिने छ ।

(३) दाफा (६) बमोजिम नगरपालिकामा दर्ता एवं सुचिकृत भएका अटो व्यवसायहरु मध्येबाट बर्गीकरणका आधारमा दफा ९ बमोजिमको समितिले तोकिएका मापदण्डका आधारमा सटलहरुको वितरणका लागि नगर कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सिफारिसका आधारमा नगर कार्यपालिकाले स्वीकृत गरी स्टलहरुको वितरण गरिने छ ।

(५) उपदफा (४) बमोजिमको निर्णका आधारमा कार्यालयले सम्बन्धित व्यवसायि संग सम्झौता गर्ने छ ।

(६) उपदफा (५) बमोजिको सम्झौताको अवधि र सोको नविकरण तोकिए वमोजिम हुनेछ ।

८. **स्टलहरुको शूल्क :** (१) निर्माण भएका स्टलहरुको शुल्क तथा वहाल दर र सोको मापदण्ड तोकिए वमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको बहाल दर कायम गर्दा प्रत्येक दुई बर्षमा दश प्रतिशतले बृद्धि हुने व्यवस्था कायम गरिनेछ ।

(३) स्टल निर्माण गर्नुपर्ने : अटोभिलेज क्षेत्रमा व्यवसाय संचालन गर्ने व्यवसायिहरुले नगरपालिकाबाट तोकिएको डिजाईनमा निजलाई आवश्यक पर्ने संरचना आफै तयार गर्नुपर्नेछ । संरचना आफै तयार गरी व्यवसाय संचालन गर्ने व्यवसायी संग नगरपालिकाले जग्गा बहाल सम्बन्धमा आवश्यकता अनुसार बहुबर्षिय सम्झौता गर्न सक्नेछ ।

## परिच्छेद ५
## अटोभिलेज संचालन तथा व्यवस्थापन समितिको गठन, काम कर्तव्य र अधिकार

९. **अटोभिलेज संचालन तथा व्यवस्थापन समितिको गठन :** (१) आटोभिलेज संचालन तथा व्यवस्थापन सम्बन्धमा दैनिक प्रशासनिक कार्य संचालन एवं व्यवस्थापन गर्न एक अटोभिलेज व्यवस्थापन समिति गठन गरिने छ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा नगरपालिकाको रोहोवरमा अटोभिलेज क्षेत्रमा व्यवसाय संचालन गर्ने व्यवसायिहरुको भेलाले छानेको व्यक्तिहरु मध्येवाट निम्नानुसारको अटोभिलेज संचालन तथा व्यवस्थापन गर्नेछ ।

**अटोभिलेज व्यवस्थापन समिति :** अध्यक्ष १ जना, सचिव १ जना, कोषाध्यक्ष १ जना सदस्य ३ जना रहनेछन । साथै उक्त समितिमा स्थानीय उद्योग वाणिज्य संघको १ जना प्रतिनिधी पदेन सदस्य रहने छ ।

(३) उपदफा (२) बमोजिम गठन हुने समिति सर्बसम्मत रुपमा हुनेछ ।

(४) उपदफा (३) बमोजिम गठन हुने समिति सर्बसम्मत रुपमा गठन हुन नसकेमा नगरपालिकाले अधिकृत स्तरको कर्मचारीलाई निर्बाचन अधिकृत खटाई निर्बाचन गराउनेछ ।

(५) उपदफा (४) बमोजिम खटिने निर्बाचन अधिकृतले प्रचलित कानुन बमोजिम निर्बाचन कार्यबिधि आर्फ तयार गरी लागु गर्नेछ ।

(६) उपदफा (२) बमोजिमको व्यवस्थापन समितिको पदावधि २ बर्षको हुनेछ । दुई बर्ष पश्चात् नयाँ समिति निर्माण भै कार्यभार लिनेछ ।

**१०. समितिको काम कर्तव्य र अधिकार :** (१) दफा (९) बमोजिम गठित समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अटोभिलेजका पूर्वाधार लगायतका सम्पती संरक्षणमा सहयोग गर्ने ।

(ख) अटोभिलेज क्षेत्रमा उर्त्जन हुने फोहोरमैला व्यवस्थापनका लागि नगरपालिका संगको समन्वयमा आवश्यक प्रबन्ध गर्ने ।

(ग) व्यवसायहरुको सम्झौता र नविकरणका लागि समन्वय तथा सिफारिस गर्ने ।

(घ) मासिक बैठक बसी भएका कार्य तथा तोकिएका मापदण्ड पालना भए नभएको अनुगमन तथा समिक्षा गर्ने ।

(ङ) अटोभिलेज संचालनमा कुनै समस्या आईपरेमा सम्बन्धित संग छलफल गरी समाधान गर्ने समाधान हुन नसकेमा आफ्नो राय सुझाव सहित नगरपालिकामा पेश गर्ने ।

(छ) स्टलहरुको लगत राख्ने, बर्गिकरण गर्ने, स्टल वितरणका लागि नगरपालिकामा सिफारिस गर्ने ।

(च) अटोभिलेज क्षेत्रमा दैनिक रुपमा गरिने सरसफाईको व्यवस्था मिलाउने ।

## परिच्छेद ६
## विविध

**११. सार्बजनिक निजी साझेदारीमा जान सकिने (१)** यस ऐन वमोजिम संचालन तथा व्यवस्थापन भएको अटोभिलेज संचालनका लागि कानुन बमोजिम दर्ता भएको अटोभिलेजसंग सम्बन्धित कम्पनी संग सम्झौता गरी सार्बजनिक निजी साझेदारी अवधारणामा अटोभिलेज संचालन तथा व्यवस्थापन गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम सार्बजनिक निजी साझेदारीमा अवधारणामा व्यवस्थापन तथा संचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१२. नियम तथा कार्यबिधी बनाउन सक्ने :** (१) यस ऐनमा भएका व्यवस्थालाई कार्यान्वयन गर्नका लागि कार्यपालिकाले आवश्यक नियमावली कार्याबिधी तथा मापदण्ड बनाउन सक्नेछ ।

**१३. वाधा अड्काउ फुकाउ :** (१) यस ऐनको कार्यान्वयनमा कुनै वाधा अडकाउ आईपरेमा नगर सभाले वाधा अडकाउ फुकुवा गर्न सक्नेछ ।

(२) यस यस ऐनमा उल्लेख भएका वुँदाहरुको थप स्पष्टता र व्याख्या नगर सभाले गर्न सक्नेछ ।

**१४. संशोधन, खारेजी तथा वचाउ :** (१) यो ऐन आवश्यकता अनुसार नगर सभाले संशोधन, परिमार्जन वा खारेज समेत गर्न सक्नेछ ।

(२) यस ऐन उल्लेख भएका कुराहरुको हकमा यसै ऐन अनुसार र उल्लेख नभएकाको हकमा प्रचलित कानुन अनुसार हुनेछ ।